
का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ भदौ २०८१,
बुधबार
28 August, 2024
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १९७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



आक्रोशित प्रचण्ड

## सरकारमाथि खबरदारी

आमजनतामा ठूलो निराशा र मोहभंग छ, ठूलो असन्तोष छ । यो संसदसहित हामी सबै दल जनताको ठूलो निगरानीमा छौं । कांग्रेस र एमालेका साथीहरुलाई मेरो अनुरोध छ, जनता अहिलेको राजनीतिक शैलीसँग, चरित्रसँग, व्यवहारसँग रिसाएको छ ।

■ प्रचण्ड
अध्यक्ष, माओवादी केन्द्र

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

विगत साढे दुई महिनादेखि प्रमुख प्रतिपक्षीय भूमिकामा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार प्रतिनिधि सभाको बैठकलाई सम्बोधन गरे । प्रतिपक्षी दलका नेताको हैसियतमा बोलेका उनले सरकारमाथि प्रश्नमाथि प्रश्न गरे ।

प्रचण्ड नेतृत्वको सरकार ढलेपछि नेपाली कांग्रेस र नेकपा एमालेले थत गत असार २८ गते केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाएका थिए । त्यसपछि प्रमुख प्रतिपक्षीय भूमिकामा पुगेका प्रचण्डले नयाँ सरकारलाई हनिमुन पिरियडसम्मै शंकाको सबै सुविधा दिने पक्षमा रहेको भएता पनि नबोली रहन नसकेको बताए ।

प्रचण्डले आफूहरुलाई कमजोर र निरीह प्रतिपक्ष नठान्न सत्तापक्षलाई चेतावनी दिए ।

'आमजनतामा ठूलो निराशा र मोहभंग छ, ठूलो असन्तोष छ । यो संसदसहित हामी सबै दल जनताको ठूलो निगरानीमा छौं । कांग्रेस र एमालेका साथीहरुलाई मेरो अनुरोध छ, जनता अहिलेको राजनीतिक शैलीसँग, चरित्रसँग, व्यवहारसँग रिसाएको छ' उनले भने ।

शान्ति प्रक्रियाको काम अगाडि बढाउन सरकारको भूमिका सकारात्मक रहेको भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले संसदको रोस्टमबाटै खुला प्रशंसा र समर्थन गरे । ४० मिनेट बोलेका उनले बाँकी समय सरकारको आलोचनामा खर्चिए ।

विश्वविद्यालयहरुमा सकारात्मक

शान्ति प्रक्रियाको काम अगाडि बढाउन सरकारको भूमिका सकारात्मक रहेको भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले संसदको रोस्टमबाटै खुला प्रशंसा र समर्थन गरे । ४० मिनेट बोलेका उनले बाँकी समय सरकारको आलोचनामा खर्चिए ।

परिवर्तनका लागि अग्रसरता लिइएकोमा सरकारले भत्काउन खोजेको बताए । प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको सभापति प्रमुख प्रतिपक्षी दलले पाउनुपर्ने बताए ।

डेडिकटेड ट्रंकलाइन बक्यौता विवादमा नेपाल विद्युत प्राधिकरणका कार्यकारीमाथि नकारात्मक ढंगले अगाडि बढेको भन्दै सरकारका लागि यही नै टेस्ट केस भएको बताए ।

विद्युत प्राधिकरणमा जे गर्न खोज्दै हो त्यसलाई रोक्न उनले भनेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले फेसबुकबाटै बाइस अर्ब भन्न थालेको उल्लेख गर्दै उनले भनेका छन्, 'विद्युत प्राधिकरणको यही टेस्ट-केसले भन्छ, अब माफियाभन्दा जनता बलियो भइसकेको छ ।'

नक्कली भूटानी शरणार्थी काण्डलाई निष्कर्षमा पुऱ्याउन, इमान्दार प्रहरीलाई दण्डित नगर्न, विश्वविद्यालयमा मेरिटोक्रेसी नमिच्न, गिरीबन्धु लगायतका नीतिगत भ्रष्टाचारहरुमा रफु नभर्न उनको आग्रह छ ।

आफ्नो पार्टी अब सत्ताको खेलभन्दा जनताको अधिकारका लागि अघि बढ्ने र कांग्रेस-एमालसँग सत्तामा हिस्सेदारी माग्न नआउने बताए ।

'...फेरि बीचैमा झगडा गरेर 'लौ न प्रचण्डजी' भन्दै फकाउन र फुर्क्याउन नआइदिनुहोला' प्रचण्डले भने । प्रचण्डले संविधान संशोधनका नाममा जनताका अधिकार खोस्ने प्रयास गर्न पनि भनेका छन् ।

'कांग्रेस र एमालेका केही साथीहरुले अझै पनि संविधान संशोधनको पत्ता »» पृष्ठ २ मा

## प्रस्तावित राजदूतमाथि संवैधानिक प्रश्न

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

विभिन्न १७ देशका लागि प्रस्तावित राजदूतहरुको संसदीय सुनुवाइ यही भदौ १४ गतेदेखि २५ गतेसम्म हुने भएको छ ।

मंगलबार बसेको सुनुवाइ समितिको बैठकले यस्तो निर्णय गरेको हो ।

मंगलबार राजदूतहरूविरुद्ध प्राप्त उजुरीहरु समिति सदस्यहरुलाई वितरण गरिएको छ । उजुरीहरुमाथि सांसदहरुले अध्ययन गरेपछि भदौ १४ गते उजुरीकर्ताहरुसँग उजुरीका कारण र आधारबारे सोधपुछ गर्ने तय भएको छ ।

उजुरीकर्तासँग छलफल सकिएपछि प्रस्तावित राजदूतहरुको सुनुवाइ सुरु हुनेछ । २३ भदौसम्म प्रस्तावित राजदूतहरुको सुनुवाइ सकेर २४ भदौमा निर्णय सुनाउने कार्यतालिका सुनुवाइ समितिले सार्वजनिक गरेको छ ।

१७ जना प्रस्तावित राजदूतविरुद्ध ९ वटा उजुरी परेको छ । तीन वटा उजुरी समावेशी सिद्धान्त अनुसार नभएको भनेर परेका छन् छन् चार वटा उजुरी व्यक्ति केन्द्रित रहेका छन् ।

दक्षिण अफ्रिकाका लागि प्रस्तावित राजदूत कपिलमान श्रेष्ठको सिफारिस संविधान अनुसार नमिलेको दाबी गर्दै उजुरी परेको छ । उनी यसअघि मानव अधिकार आयोगको सदस्य रहेको र मानव अधिकार आयोगको सदस्य र अध्यक्ष भएका व्यक्ति अन्य सरकारी नियुक्तिका लागि ग्राह्य नहुने संवैधानिक व्यवस्था रहेको भन्दै उनीविरुद्ध उजुरी परेको हो ।

संविधानको धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोग गठनसम्बन्धी व्यवस्था छ । संविधानको धारा २४८ को उपधारा ८ मा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य नहुने उल्लेख छ ।

'राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन । तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन' धारा २४८ को उपधारा ८ मा भनिएको छ ।

दक्षिण अफ्रिकाका लागि प्रस्तवित राजदूत कपिलमान श्रेष्ठको सिफारिस संविधान अनुसार नमिलेको दाबी गर्दै उजुरी परेको छ । उनी यसअघि मानव अधिकार आयोगको सदस्य रहेको र मानव अधिकार आयोगको सदस्य र अध्यक्ष भएका व्यक्ति अन्य सरकारी नियुक्तिका लागि ग्राह्य नहुने संवैधानिक व्यवस्था रहेको भन्दै उनीविरुद्ध उजुरी परेको हो ।

यो व्ययवस्था अनुसार श्रेष्ठ राजदूत हुन नसक्ने दाबी उजुरीमा रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापनापछि श्रेष्ठ पहिलो कार्यकालमै सदस्य भएका थिए । पूर्वप्रधानन्यायाधीश नयनबहादुर खत्री अध्यक्ष हुँदा सदस्यका रुपमा रहेका उनले २०५७ देखि २०६२ सम्म काम आयोगमा काम गरेका थिए ।

भारतका लागि प्रस्तावित राजदूत शर्माविरुद्ध पनि संसदीय समितिमा उजुरी परेको छ । उनका हकमा 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५' अनुसार नमिलेको दाबी गरिएको छ ।

निर्देशिकको दफा २१ ले कार्यरत मुलुकमा निरन्तरता हुने गरी अर्को कार्यकालका लागि नियुक्त गर्न नमिल्ने व्यवस्था छ । 'राजदूतको रुपमा हाल कार्यरत मुलुकमा अर्को पदावधिको निरन्तरता हुने गरी पुनः नियुक्ति गरिने छैन' निर्देशिकाको दफा २१ मा उल्लेख छ ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पूर्ववर्ती सरकारले गत जेठ २१ गते भारतमा रहेका नेपाली राजदूतशर्मासहित कांग्रेसको कोटामा राजदूत भएकालाई फिर्ता बोलाउने निर्णय गरेको थियो ।

गत साउन ३० गते सुनुवाइ समितिले प्रस्तावित १७ जना राजदूतविरुद्ध १० दिने उजुरी आह्वान गरेको थियो । निर्धारित समयभित्र ९ वटा उजुरी परेको हो ।

अन्य प्रस्तावित राजदूतहरुमा चीनका लागि कृष्णप्रसाद ओली, डेनमार्कका लागि »» पृष्ठ २ मा



*संसदीय सुनुवाइ समितिको मंगलबार सिंहदरबारमा बसेको बैठक ।*
*तस्बिर : किरणराज विष्ट/रासस*

वैदेशिक रोजगार विशेष

## ब्राजिलमा ट्रान्जिटमा रहेका १७६ नेपाली सकुशल : नेपाली दूतावास

**काठमाडौं/रासस–** ब्राजिलको साउपाउलो विमानस्थलको ट्रान्जिट इलाकामा रहेका एक सय ७६ नेपाली नागरिक सकुशल रहेका र उनीहरूलाई आवश्यकताअनुसार मानवीय सहायता पुऱ्याउन तयारी अवस्थामा रहेको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले मंगलबार विज्ञप्तिमार्फत विमानस्थलको ट्रान्जिटमा नेपालीसहित करिब सात सय विदेशी रोकिएको भन्ने समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै नेपाली नागरिकलाई मानवीय सहायता पुऱ्याउन तयारी अवस्थामा रहेको उल्लेख गरेको छ ।

दक्षिण अमेरिकाका ब्राजिललगायत मुलुक हुँदै अवैध रुपमा संयुक्तराज्य अमेरिका प्रवेश गर्ने उद्देश्यले विभिन्न स्थानबाट दक्षिण अमेरिकी मुलुकमा आउने प्रवृत्ति बढ्दो छ । संगठितरुपमा सञ्चालित मानव तस्करको प्रलोभन र उक्साहटमा परी नेपालबाट युवा यस क्षेत्रमा आउने गरेको जानकारी बेलाबेलामा हुने गरेको दूतावासले जनाएको छ । कैयौँले अकल्पनीय पीडा व्यहोर्नुका साथै ठूलो धनराशि खर्च गर्नुपर्ने परिस्थितिमा फस्न पुगेको पाइएको छ ।

'ब्राजिल सरकारले तत्काल लागू हुनेगरी नेपाललगायत केही देशका राहदानीबाहकलाई प्रवेशाज्ञा लिएको भएमा मात्र ब्राजिल प्रवेशको अनुमति दिने नियम ल्याएको छ,' विज्ञप्तिमा उल्लेख छ, 'अब उप्रान्त नेपाली आगन्तुकले ब्राजिल भएर सिधै गन्तव्य मुलुकतर्फ उड्न पाउने र त्यसरी नगएमा सोही विमानमार्फत फिर्ता पठाइने तर विमानस्थलमा शरणार्थीको मान्यता नदिइने जनाइएको छ ।'

मानव तस्करको सञ्जाल प्रयोगगरी गरिने यस प्रकारको यात्रा अवैध, जोखिमपूर्ण र अनिश्चित हुने सन्दर्भमा जायज कारण भएमा सो पुष्टि गर्ने कागजात र प्रवेशाज्ञा लिई मात्र ब्राजिल वा ब्राजिल हुँदै अन्य मुलुकको भ्रमणमा निस्कनु हुन दूतावासले अनुरोध गरेको छ ।

### दिल्लीबाट ब्राजिल पुग्न २४ लाख

**काठमाडौं/मस–** जसरी पनि अमेरिका प्रवेश गर्ने लक्ष्य बनाएका नेपाली युवाले भारतको नयाँ दिल्लीबाट ब्राजिलको राजधानी पुग्न कम्तीमा २४ लाख रुपैयाँ दलाललाई बुझाउने गरेका छन् ।

भारतको नयाँ दिल्लीमा रहेको ब्राजिलको दुतावासबाट संगठित गिरोहको समन्वयमा भ्रमण भिसा पाएपछि नेपालीले हवाई जहाजको टिकटसहित उक्त रकम दलाललाई सुम्पने गरेको बताइएको छ । यसरी ठगीमा पर्नेमा पूर्वी पहाडी जिल्ला र गण्डकी तथा लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाका युवा धेरै रहेको बताइएको छ ।

मानव तस्करले थप रकम लिएर ब्राजिलबाट पानामा ग्वाटेमालालगायतका देश हुँदै नेपालीलाई मेक्सिको पुऱ्याउने र मेक्सिकोमा थप रकम तिरेपछि स्थलमार्ग हुँदै अवैधानिकरूपमा अमेरिका पुऱ्याउने गरेको नयाँ दिल्लीमा ट्राभल एजेन्सी सञ्चालन गरेका एक नेपाली बताउँछन् । संगठित मानव तस्करको प्रलोभनमा अशिक्षित युवा पर्ने र भाषाको अज्ञानताले थप समस्यामा पर्ने गरेको उनले बताए ।

## पोखरा र भैरहवामा ओमानबाट हवाई उडानको प्रस्ताव

**शिव विक/मध्यान्ह**
काठमाडौं, ११ भदौ ।

नेपालले पोखरा र भैरहवामा ओमानबाट सिधा हवाई उडानको प्रस्ताव गरेको छ ।

ओमानका विदेशमन्त्री सइद बद्र हमाद हमुद अल बुसाइदीसँग सोमबार भएको द्विपक्षीय वार्ताका क्रममा परराष्ट्रमन्त्री डा. आरजु राणाले भैरहवा र पोखरामा हवाइ उडानका लागि प्रस्ताव राखेकी हुन् ।

जवाफमा ओमानका विदेशमन्त्री बुसाइदीले यो प्रस्तावलाई आफूले सकारात्मक रुपमा लिएको भन्दै छलफल अघि बढाउने बताएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

उनीहरुबीच भएको वार्तामा वार्तामा नेपालले हवाई कनेक्टिभिटी, श्रमसमबन्धी विषय, लगानी, पर्यटन, कूटनीतिक आदानप्रदान एवं आवश्यक सबै प्रकारका सहयोग र समन्वयका विषयमा छलफल भएको छ । सोही क्रममा परराष्ट्रमन्त्री डा राणाले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान सञ्चालनका लागि ओमानसँग आग्रह गरेकी हुन् ।

ओमानले पहिले पनि भैरहवामा हवाई उडान सुरु गरी केही समयपछि बन्द गरेको थियो । हाल नेपाल सरकारले भन्दै विदेशी एयरलाइन्सलाई थप सुविधा उपलब्ध गराउने निर्णय गरेकाले पुनः उडान सञ्चालनका लागि आग्रह गरिएको हो । यस विषयमा ओमानका विदेशमन्त्री अल बुसाइदीले पुनः विचार गर्ने सकारात्मक जवाफ दिएका हुन् ।

वार्तामा नेपाल र ओमानको द्विपक्षीय हित, सम्बन्ध विस्तार र साझा चासोका विविध विषयमा समेत कुराकानी भएको परराष्ट्र मन्त्रालयले »» पृष्ठ २ मा



*परराष्ट्रमन्त्री आरजु राणा ओमानका विदेशमन्त्री सइद बद्र अल्बुसैदीसँग मंगलबार काठमाडौंको सोल्टी होटलमा भेटवार्ता गर्दै । तस्बिरः नवीन पौडेल/रासस*

# सुर्खेतमा यातायात व्यवसायीबीच विवाद, दिनहुँ यात्रु खोसाखोस

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ११ भदौ

सुर्खेत बसपार्कमा यातायात व्यवसायीबीच नै विवाद हुँदा लामो समयदेखि यात्रु तानातानको स्थिति सिर्जना भइरहेको छ । गत फागुन २४ गते यात्रु खोसाखोस गर्ने क्रममा बस व्यवसायीबीच विवाद हुँदा एक जना बस व्यवसायीका कर्मचारी घाइते भएको थिए । व्यवसायीबीच हात हालाहाल हुँदा प्रहरीले त्यतिबेला एक जनालाई नियन्त्रणमा लिएको थियो ।

उक्त घटनापछि प्रहरीले यातायात व्यवसायीलाई यात्रु खोसाखोस नगर्न सुझाव दिँदै सुरक्षामा कडाइ गरेको दाबी गर्दै आएको थियो । तर बसपार्कमा अहिले पनि यात्रु तानातानको प्रक्रिया निरन्तर चलिरहेको छ ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरबाट दैनिक सयौं सार्वजनिक यातायात विभिन्न जिल्लाका लागि छुट्ने गर्छन् । यातायात व्यवसायीबीच स्वच्छ प्रतिस्पर्धाभन्दा बसपार्क पुग्ने यात्रुहरू तानातान गर्दा यात्रुहरूलाई नै सास्ती भएको छ । यहाँ विशेष तीन यातायात प्रा.लि.बीच विवाद हुँदा यात्रुहरूले सास्ती खेप्नु परेको छ । ८ वटा यातायात प्रा.लि. मिलाएर संयुक्तरूपमा गाडीहरू बसपार्कबाट छुटाउने गरिएको छ । यता हिल्सा पब्लिक र भिजिट कर्णालीले भने एक्लै सवारी छुटाउँदै आएका छन् ।



आइतबार बिहान हिल्सा पब्लिक, भिजिट कर्णाली र संयुक्त यातायात व्यवसायीका कर्मचारीबीच यात्रु कसले चढाउने भन्ने विषयमा विवाद हुँदा संयुक्त यातायात व्यवसायीहरूले केहीबेर सडकमा गाडी तेर्साएर हडताल नै गरे । यहाँ संयुक्तले हिल्सा र भिजिटलाई विभिन्न आरोप लगाउँदै पन्छिन खोज्ने गरेको छ भने हिल्सा र भिजिटले उनीहरूलाई आरोप लगाउँदा दैनिकजसो बसपार्कमा विवाद सिर्जना भइरहेको छ ।

वीरेन्द्रनगरमा रहेको एउटा मात्रै बसपार्कमा यस्ता घटना दिनहुँ देखिरहन्छन् । विशेषतः गाडीका सहचालकहरू अटोलाई रोकेर समेत यात्रुहरूलाई तानातान गर्छन् । यातायात व्यवसायीहरुले वीरेन्द्रनगरको एक चोकबाट अर्को चोक जानका लागि अटोमा बसेका यात्रुहरूलाई समेत रोकेर तानातान गर्दै सास्ती दिने गरेको गुनासो यात्रु र अटो चालकको छ ।

यात्रु कता जाने हो थाहा नभएपनि तानातान गर्ने गरेको यात्रुहरूको गुनासो छ । लामो दुरीको यात्रा गर्ने यात्रुले मात्रै होइन, पैदल हिँड्ने यात्रुले पनि वीरेन्द्रनगर बसपार्कमा हिँड्दा ठूलै झन्झट व्यहोर्नु परिरहेको हुन्छ । बसपार्क नजिकबाट एक जना मान्छे हिँड्दा पनि उसलाई तान्न पाँच जना भन्दा धेरै पुग्ने गरेको बसपार्क नजिक व्यवसाय सञ्चालन गरेर बस्नेहरू बताउँछन् । यता सुर्खेत देउती नागरिक यातायात प्रा.लि.का सचिव रमेश खड्काले बसपार्कमा दैनिक जसो यात्रुहरू खोसाखोस हुने गरेको स्वीकार गरे । 'यात्रु खोसाखोस भएको सही हो । यो विवाद सिर्जना गराउने हिल्सा र भिजिट हुन्,' उनले भने, 'हामीले संयुक्तरूपमा आउनुहोस् सबैलाई सहज हुन्छ भन्दा उहाँहरू मान्नुहुन्न, त्यसले गर्दा बसपार्कमा दिनहुँ किचलो भइरहेको हुन्छ ।'

उनले भिजिट र हिल्सा संयुक्तमा समावेश नभएमा संयुक्त यातायात पनि टुटफुट हुने चेतावनी दिए । 'उहाँहरू मान्नुहुन्न भने हामी पनि टुटफुट हुन्छौं । त्यसपछि झन् यात्रुलाई सास्ती हुन्छ । यात्रु खोसाखोस हुन्छ,' सचिव खड्काले भने ।

यता, भिजिट कर्णाली यातायात प्रा.लि.का अध्यक्ष प्रकाश कुमार शाहीले आफूहरू संयुक्तमा गाभिन सम्भव नभएको बताउँछन् । 'हामी नयाँ भयौं, सेवा सुविधा राम्रो दियौं ।

## रौतहटमा प्रशासनको आदेश उल्लंघन

# अश्लिलता झल्किने खालका नाचगान रोकिएन

**कृष्ण तिवारी/मध्यान्ह**
**रौतहट, ११ भदौ**

जिल्ला प्रशासन कार्यालय रौतहटले कुनै पनि चाडपर्वमा अश्लिलता झल्किने खालका नाचगान गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ । जिल्लामा कुनै किसिमको मेला, महोत्सव वा कार्यक्रम गर्दा समाजमा अश्लिलता फैलिने गरी छाडा भोजपुरी गीतमा उत्तेजित नाचगान गर्न जिल्ला प्रहरी कार्यालय रौतहटले रोक लगाएको हो ।

तर जिल्ला प्रहरी कार्यालय रौतहटले लगाएको प्रतिबन्धको अवज्ञा अर्थात् उल्लंघन गर्दै जिल्लाको ठाउँ-ठाउँमा विभिन्न चाडपर्वको अवसरमा लाग्ने मेलामा खासगरी टिकटकमा अश्लिलता फैलाएका कलाकारलाई बोलाएर अश्लिल भोजपुरी गीतमा नचाउने कार्य भइ रहेको देखिएको छ । विभिन्न चाडपर्वको नाममा गाउँगाउँमा दिन र रातको समयमा अश्लिलता झल्किने किसिमका भोजपुरी गीत गाउने, लवण्डा नचाउने, आर्केस्टा नचाउने, मनोरञ्जनको नाममा जुवा जेल्ने/खेलाउने जस्ता कारणले गर्दा विभिन्न ठाउँमा एक आपसमा झै-झगडा तथा कुटपिट हुने, ढुंगामुढा गर्ने, विभिन्न मानिसको धन सम्पत्ति क्षति हुन थालेको भन्दै जिल्ला प्रहरी कार्यालय रौतहटले अश्लिल कलाकारलाई नचाउन प्रतिबन्ध लगाइ सकेको छ ।



धार्मिक, सांस्कृतिक, राजनीतिक आदि कुनै किसिमको नाचगान हुने वा भिडभाडजस्ता कार्यक्रम गर्नुपर्दा कार्यक्रम आयोजना गर्नुभन्दा अघि अनिवार्य रूपमा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट अनुमति लिइ सम्बन्धित निकायबाट तोकिए अनुसार कार्यक्रम गर्न र गराउन जिल्ला प्रहरी कार्यालय रौतहटले सूचित गराएको छ । तर प्रशासनले दिएको आदेश विपरित सोमबार राति देवाही गोनाही नगरपालिका-९ धरहरी, राजपुर नगरपालिकाको भेडियाही लगायत ठाउँमा टिकटक कलाकारलाई अश्लिल भोजपुरी गीतमा नचाउने कार्य गरिएको पाइएको छ ।

ती अश्लिल कलाकारहरुले सानो कपडा लगाएर अश्लिल भोजपुरी गीतमा डान्स गरेकै कारण राजपुरको भेडियाहिको कार्यक्रममा युवाहरुबीच झैं झगडा भइ कुटाकुट भएको भिडियो यतिखेर समाजिक सञ्जालमा भाइरल भएको छ ।

टिकटकमा नाच्ने महिला कलाकारले मान्छे उत्तेजित हुने खालका शरिरका संवेदनशिल अंग देख्ने गरी सानो कपडा लगाएर अश्लिल भोजपुरी गीतमा नाच्ने गरेका कारण समाजमा वा साना बालबालिकामाथि नकारात्मक असर पर्ने गरेको छ, भने अर्कोतर्फ यसले समाजमा गालीगलौज, झैझगडा र कुटपिट समेत हुने गरेकोले अपराधिक घटना समेत हुने गरेको समाजका अगुवाहरु बताउँछन् ।

# पत्रकार रेग्मी सम्मानित

**मध्यान्ह संवाददाता**
लिस्बन, ११ भदौ

पोर्चुगलमा क्रियाशील युवा पत्रकार पुस्तक रेग्मी सम्मानित भएका छन् । युरोपाटीका अध्यक्ष एवम् सम्पादकसमेत रहेका रेग्मीलाई धुन नेपालले सम्मान पत्रले सम्मान गरेको हो । धुन नेपालले मलेसियाको राजधानी क्वालालम्पुरमा आयोजना गरेको डिएन अन्तर्राष्ट्रिय अवार्ड-२०२४ को अवसरमा रेग्मीलाई सम्मान गरेको हो । सो अवसरमा विभिन्न विधामा कार्यरत व्यक्तिहरुलाई अवार्डसहित सम्मान गरिएको थियो । पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याएको भन्दै उनलाई सम्मान गरिएको संस्थाले जनाएको छ । धादिङका रेग्मी युरोपेली मुलुक पोर्चुगलमा रहेर युरोपाटिसहित विभिन्न मिडियामा आबद्ध भइ पत्रकारितामा क्रियाशील रहँदै आएका छन् ।




रेग्मीले युरोपमा रहेका प्रवासी नेपालीको अवस्था, नेपालीका सामाजिक गतिविधि, समसामयिक घटना तथा प्रवासमा नेपालीले भोग्नुपरेका समस्यालगायतका विषयमा कलम चलाउँदै आएका छन् ।

कार्यक्रममा कलाकर्मी र संगीतकर्मीहरूलाई विभिन्न विधामा अवार्ड समेत प्रदान गरिएको थियो । अवार्ड कार्यक्रममा नेपाली जनसम्पर्क समिति मलेसियाका अध्यक्ष चोलाकान्त पंगेनी, आर.टी.एफ.सी फुटबल क्लबका अध्यक्ष राजु तामाङ, उग्रतारा रेस्टुरेन्ट केलका सञ्चालक टेकबहादुर टमोटा, गैरआवासीय नेपाली संघ मलेसियाका पूर्वमहिला संयोजक मेरा गिरी पुरीलगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रम धुन नेपालका अध्यक्ष डिआर सुजनको अध्यक्षतामा तथा कुलराज पोखरेलको सञ्चालनमा सम्पन्न भएको थियो । धुन नेपालले हरेक वर्ष कलाकर्मी, संगीतकर्मीलगायत विभिन्न क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मान गर्दै आएको छ । यसैबीच गीत, संगीत, कलाकारिता तथा पत्रकारिताको क्षेत्रमा योगदान पुऱ्याएको भन्दै गोल्डेन म्युजिक अन्तर्राष्ट्रिय अवार्ड-२०२४ को अवसरमा म्युजिक ल्याबलेसमेत रेग्मीलाई सम्मान गरेको छ ।

# शिक्षकहरुलाई शिक्षण आपूरण तथा द्रुत सिकाइ सहयोगसम्बन्धी अभिमुखीकरण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ११ भदौ

बर्दियाको गेरुवा गाउँपालिकाका शिक्षकहरुलाई शिक्षण आपूरण तथा द्रुत सिकाइ सहयोगसम्बन्धी अभिमुखीकरण गराइएको छ । विद्यालयमा विद्यार्थीहरुको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्राथमिक तथा आधारभूत तहका शिक्षकहरुको क्षमता विकासका लागि अभिमुखीकरण गराइएको हो ।

सशक्त बालिका परियोजनाअन्तर्गत प्लान इन्टरनेशनल नेपालको आर्थिक



सहयोग तथा गेरुवा गाउँपालिकाको आयोजना एवम् राधाकृष्ण थारु जनसेवा केन्द्र र भेरी वातावरणीय विशिष्टता समूह (बी ग्रुप)को साझेदारीमा कार्यक्रम आयोजना गरिएको हो ।

कोभिड-१९ महामारी तथा विविध कारणले विद्यार्थीहरुमा भएको सिकाइ क्षतिलाई परिपूर्ति गर्नका लागि आपूरण तथा द्रुत सिकाइ योजना निर्माणमा सहयोग पुऱ्याउन अभिमुखीकरणको आयोजना गरिएको सशक्त बालिका परियोजनाका कार्यक्रम अधिकृत सिमा ओलीले बताइन् ।

अभिमुखीकरणमा योजना निर्माणका लागि विश्व र नेपालमा सिकाइ क्षतिको अवस्था, सिकाइ स्तर पहिचान गर्ने तरिका, साधनको परिचय र प्रयोग, सिकाइ स्तर पहिचान गर्न साधनको प्रयोग विधि, साधनको प्रयोग गरी विद्यार्थीको सिकाइ परीक्षण अभ्यास, साधनको प्रयोग गरी विद्यार्थीको सिकाइ स्तर परीक्षण अभ्यास, विद्यार्थी सिकाइ स्तरको अभिलेखीकरण र रिपोर्टिङ, नतिजा विश्लेषण र वर्गीकरण नतिजा विश्लेषण र विषयवस्तुको छनोट, सिकाइ आवश्यकता आधारमा क्रियाकलाप छनोट र प्रयोग, योजना निर्माण र कार्यान्वयन, द्रुत सिकाइको परिचय, रणनीतिहरुको पहिचान र प्रयोग तथा कार्ययोजना निर्माणको विषयमा सहजीकरण गरिएको थियो ।

## आक्रोशित...

फ्याँकिरहनु भएको छ । तपाईहरुलाई अनुरोध छ, राम्ररी गृहकार्य नगरी यो विषयमा जथाभावी नबोल्नुहोला' प्रचण्डले भने । आफ्नो पार्टी संविधान संशोधनबाट पछाडि नहट्ने उनले बताए ।

'जहाँसम्म हाम्रो कुरा छ, माओवादी केन्द्रको अध्यक्ष र प्रमुख प्रतिपक्ष दलको नेताका रुपमा तपाईहरुलाई बचन छ मेरो, माओवादी संविधान संशोधनबाट भाग्दैन' उनले भने ।

संसदमा संविधानका एक एक बुँदा, एक एक धारा र एक एक दफामा छलफल गर्न माओवादी केन्द्र तयार रहेको तर, उत्पीडित वर्ण, वर्ग र समुदायले वलिदानपछि प्राप्त गरेका समावेशी र समानुपातिक अधिकार खोस्ने दुःसाहस भए डटेर प्रतिवाद गर्ने बताए ।

## प्रस्तावित...

सुम्निमा तुलाधर, जर्मनीका लागि शैल रुपाखेती रहेका छन् ।

इजलायलका लागि धनप्रसाद पण्डित, मलेलियाका लागि नेत्रप्रसाद तिमिल्सिना, पाकिस्तानका लागि रीता धिमाल, पोर्चुगलका लागि प्रकाशमणि पौडेल र कतारका लागि रमेशचन्द्र पौडेलको नाम सिफारिस भएको छ ।

रुसी महासंघका लागि जंगबहादुर चौहान, साउदी अरबका लागि नरेशविक्रम ढकाल, दक्षिण कोरियाका लागि शिवमाया तुम्बाहाङ्फे, स्पेनका लागि सनिल नेपाल, श्रीलंकाका लागि रामकृष्ण भट्टराई, बेलायतका लागि चन्द्रकुमार घिमिरे र अमेरिकाका लागि लोकदर्शन रेग्मीको नाम सिफारिस भएको छ ।

## पोखरा...

जनाएको छ । नेपालले नेपाली श्रमिकको हक, हित तथा थप श्रम गन्तव्यबारे कुरा उठाएको छ । नेपाल पक्षले ओमानको श्रम कानुन र अरू वातावरण राम्रो रहेकाले नेपाली श्रम बजारको राम्रो गन्तव्य हुन सक्ने भन्दै यस विषयमा कुरा उठाएको थियो । ओमान पक्षले पनि नेपाली श्रमिकहरू काममा लगनशील र इमान्दार रहेकाले आफ्नो देशले आवश्यकताका आधारमा थप श्रमिक लैजाने जनाएको छ । यस विषयमा दुई देशबीचमा श्रम सम्झौता गरी अगाडि बढ्ने सहमति भएको छ ।

परराष्ट्रमन्त्री डा राणाले नेपालको प्राकृतिक सौन्दर्य, सगरमाथालगायत विश्वका आठ हजारभन्दा अग्ला हिमालहरू एवं विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाका कारण पनि नेपालको पर्यटकीय सम्भावना धेरै रहेको समेत बताएकी छन् । ओमानका विदेशमन्त्री मंगलबार नै काठमाडौंबाट प्रस्थान गरेका छन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव सेवा लम्सालले बिदाइ गरिन् ।

उनी परराष्ट्रमन्त्री आरजु राणाको निमन्त्रणमा यही भदौ १० र ११ गते नेपाल भ्रमण गरेका उनले यसबीचमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरे ।


## UAE मा रोजगार

कम्पनी: AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०२/२० चलानी नं.: ६०२२०३८४ L.T. No.: 305636 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering Carpenter (Gulf Exper.) | 18 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 3. | Steel Fixer | 24 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
| Itahari Contact No: 025-584776, 9816368105, Chitwan Contact No: 056-512369, 9761890793
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal



## UAE मा रोजगार

कम्पनी : PROSCAPE LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/११/०३ चलानी नं.: ६०२१४५७४ L.T. No.:300065 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,१७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Farm Labourer | 25 | 0 | | 800 | २९,१७६ | | | | | | | |
| 3. | Garden Worker | 20 | 0 | | 800 | २९,१७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २० गते (5 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 562/062/063
ROTARY OVERSEAS PVT. LTD.
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262, 9815066489
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com


गण्डकी प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय
लमजुङ

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१/०५/१२)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्धारा मिति २०८१/०२/११ मा प्रकाशित निम्न बमोजिमको वोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्धारित समय भित्र PPMO को E–Procurement Portal मा दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निम्न अनुसारको वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०५/१९ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | योजनाको विवरण | प्राविधिक प्रस्तावना सफल वोलपत्रदाताहरु |
|---|---|---|
| IDO/ LAMJUNG/ NCB/W/ ROAD/ 06/080-081 | Construction/ Upgrading of Karaputar-Daduwa-Salmebhanjyang-Maling-Kapurgaun Road(Third Section 1+910-5+550) | ➢ M/S Biraj and Brothers construction Pvt.Ltd<br>➢ M/S Shree Creative Engineering & construction company pvt.ltd<br>➢ M/S Sachet Construction Pvt.ltd<br>➢ M/S Parajuli construction pvt.ltd<br>➢ M/S Nayayug Construction pvt.ltd<br>➢ M/S PL/POKHARA JV<br>➢ M/S P.M/Super Like JV<br>➢ M/S PNS/Pashupati/KBC JV<br>➢ M/S ISHAN/DIL/SHANTI JV<br>➢ M/S Ramjane/Bhimdhunga/Bhawani JV<br>➢ M/S SRB/GAURA/PRASIN JV<br>➢ M/S GTC/AB/VC JV<br>➢ M/S Himali Construction<br>➢ M/S AMAN-J&W JV<br>➢ M/S Anil Multi company Pvt.ltd<br>➢ M/S Nanjila & Aakansha-pradesh JV |

पूर्वाधार विकास कार्यालय, लमजुङ

## Uttargaya Rural Municipality
## Office of the Rural Municipal Executive
Laharepauwa, Rasuwa

### Invitation for Bids

**Invitation for Bids No.: URM/NCB/WORKS/2081-082/1**
**Date of publication: 28-08-2024 00:00**

1. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from Nepalese eligible bidders for the Construction of Upgrading of Bhangekhola Ghaderidanda Road Section, Uttargaya 1 and 2 under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 17258455.75 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost (Rs. 3000/-) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Himalayan Bank Ltd.**
   **Name of Office : Uttargaya Rural Municipality, Rasuwa**
   **Office Code no : 80328501**
   **Office Account no : 04407741280019**
   **Rajaswa (revenue) Shirshak no. : 14249**
4. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal at 13-09-2024 13:00 hours.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 27-09-2024 12:00. Bids received after this deadline will be rejected.
   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-09-2024 13:00 at the office of Uttargaya Rural Municipality,Uttargaya-05 Laharepauwa, Rasuwa.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 500000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# राष्ट्रपति पौडेलद्वारा भगवती रथजात्राको अवलोकन



**पाल्पा/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले पाल्पाको ऐतिहासिक श्री ७ रणउजीरेश्वरी भगवती २०५औं रथजात्रा (खटयात्रा) को अवलोकन गरेका छन् । प्रथम महिला सविता पौडेलसहित मंगलबार पाल्पा आइपुग्दा राष्ट्रपति पौडेललाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्वागत गरेका थिए ।

राष्ट्रपतिलाई जनस्तरबाट समेत स्वागत गरिएको थियो । पाल्पाको ऐतिहासिक रणउजीरेश्वरी भगवती रथजात्रा अवलोकनका लागि पहिलो पटक राष्ट्रप्रमुखका रुपमा राष्ट्रपति पौडेल पाल्पा पुगेका हुन् ।

जात्रामा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे एवम् रक्षामन्त्री मानवीर राईसमेत पाल्पा पुगेका थिए ।

जात्राको अवलोकनसँगै राष्ट्रपति पौडेलले भगवती मन्दिरमा पूजा-आराधना गरे । त्यसपछि राष्ट्रपति पौडेलले द फेमस महिन्द्र दल गणको निरीक्षण गर्नुका साथै पाल्पाका निर्वाचित जनप्रतिनिधिलगायतका सरोकारवाला निकायसँग भेटघाट गरेका थिए ।

राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति पौडेलले खटयात्राको अवसरमा सबै नेपालीको सुख,शान्ति र कल्याणका लागि शुभकामना दिएको बताए । पोखरेलका अनुसार राष्ट्रपति पौडेलले रणउजेश्वरी भगवतीको मन्दिर पुरानै शैलीमा तीन तले बनाउन पुरातात्विक विभागले गरेको सिफारिस कार्यान्वयन गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराएका छन् ।

पोखरेलले राष्ट्रपति पौडेलले रथ यात्रालाई अब प्रदेशस्तरीयबाट राष्ट्रिय पर्वका रूपमा घोषणा गर्ने सरकारी तयारी चाँडै पूरा हुने विश्वास व्यक्त गरेको पनि जानकारी दिए ।

नेपाल-अंग्रेज युद्धमा कर्णेल उजीरसिंह थापाले नुवाकोट (पाल्पा) जितगढी किल्ला विजयी गरेको सम्झनामा भगवतीको रथयात्रा २०५ वर्षदेखि तानसेन बजारमा निकालिँदै आएको छ ।

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको समीक्षा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ भदौ

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाई अर्घाखाँचीले वार्षिक प्रगति प्रतिवेदन तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा कार्यालय प्रमुख बिष्णु मङग्रातिले अर्घाखाँची एकाइले खण्ड 'क' अन्तर्गत वार्षिक प्रतिवेदन आ.व.२०८०/०८१ मा सूचीकृत सहकारी, समूह, निजी, उद्यमी, कम्पनीको संख्या, परियोजना शुरु वर्षदेखि आ.व. २०८०/०८१ सम्मको बजेट विनियोजन र खर्चको विवरण, परियोजना शुरु वर्ष २०७३/०७४ देखि २०८०/०८१ सम्मको प्रगति प्रतिफल र उपलब्धिहरु, जोन तथा सुपरजोन अन्तर्गतका बालिबस्तुको उत्पादकत्वको अवस्था, निकासाको अवस्थाका बारेमा जानकारी गराएका थिए ।

यस्तै आन्तरिक तथा बाह्य परियोजना शुरु वर्ष २०७३/०७४ देखि २०८०/०८१ सम्म जोन सुपरजोन अनुसार लाभान्वित वर्ग, परियोजना शुरु वर्षदेखि हालसम्म जोन सुपरजोन कार्यान्वयनबाट



रोजगारी सृजना,जोन सुपरजोन अन्तर्गतका बाली माछासहितको क्षेत्र विस्तारको प्रगति विवरण लगायतको बारेमा कार्यालय प्रमुख मङग्रातिले जानकारी गराएका थिए । कार्यक्रममा कार्यालयको चौथो त्रैमासिक तथा वार्षिक प्रगति आ.व. २०८०/०८१ उद्यमशिलता विकास कार्यक्रमसहितको बजेट विवरण स्वीकृत, वार्षिक तथा त्रैमासिक विनियोजन रकम तथा खर्च विवरण, खर्च कम हुनाका कारण आ.व. २०८०/०८१ को खर्च रकमका बारेमा सरोकारवालालाई जानकारी गराइएको थियो । जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइरालाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्थानीय तहका प्रमुखहरु निमित्त प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखहरु विभिन्न सरोकार कार्यालयका प्रमुखहरु, स्थानीय तहका कृषि तथा पशु शाखाका प्रमुखहरु, अर्घाखाँची उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघका प्रमुखहरु तथा सम्बन्धी कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको गोष्ठीको सञ्चालन कम्प्युटर अप्रेटर भगवता चौहानले गरेका थिए ।


## दक्षिणकाली नगरपालिका
## दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति
दक्षिणकाली, काठमाडौँ

**दोपाया चौपाया खुईल्याउने, दुई पाङ्गे, चार पाङ्गे सवारी साधनहरुको पार्किङ र पिकनिक सेडहरुको शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः–२०८१/०५/१२**

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको आ.व. २०८१/०८२ र ०८२/०८३ (दुई आ.व.) को लागि सिलबन्दी बोलपत्रको माध्यमबाट तपसिल अनुसारको शुल्क उठाउनको लागी ठेक्का आह्वान गरिएको हुँदा ठेक्का लिन इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी बोलपत्र दर्ता गराउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.dakshinkalitemple.org तथा दक्षिणकाली नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फारम दस्तुर रु. | कार्यालयको न्यूनतम दर–रेट (मु.अ.क.बाहेक) | जमानत रकम ५% (मु.अ.क. सहित) |
|---|---|---|---|---|---|
| 1. | १/०८१/०८२ | दोपाया चौपाया खुईल्याई शुल्क उठाउने | रु.३,०००/- | रु.६०,९७,३२०/- | रु.३,४४,४९९/- |
| 2. | २/०८१/०८२ | चार पाङ्गे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु.३,०००/- | रु.४०,२०,०००/- | रु.२,२७,१३०/- |
| 3. | ३/०८१/०८२ | दुई पाङ्गे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु.३,०००/- | रु.२२,८१,१९९/- | रु.१,२८,८८८/- |
| 4. | ४/०८१/०८२ | पिकनिक सेडहरुको शुल्क उठाउने | रु.३,०००/- | रु.२६,४०,०००/- | रु.१,४९,१६०/- |

कार्यकारी अधिकृत


# गुणस्तरीय शिक्षा प्रदान गर्न सुझाव



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ भदौ

रौतहटको फतुवा विजयपुर नगरपालिका वडा नम्बर ११ मा रहेको एक प्राथमिक विद्यालयको व्यवस्थापन समिति गठन गरिएको छ। वडामा रहेको श्री आधारभूत विद्यालय लक्ष्मीनिया दो.राँगीमा ३ वर्षको लागि नयाँ कार्य समिति चयन गरिएको हो।

विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा सितराम चौधरीलाई चयन गरिएको छ। सो समितिको सदस्यहरूमा डम्बर बहादुर रखाल,मन्जु श्रेष्ठ र सोविता देवी महतोलाई सर्वसम्मत चयन गरिएको प्रधानाध्यापक विजय कुमार कुशवाहाले जानकारी दिए ।

पूर्व निर्धारित सूचना अनुसार विद्यालयका आयव्यय प्रस्तुत गर्न र नयाँ विद्यालय व्यवस्थापन समिति चयन गर्न अभिभावक भेला बोलाइएको थियो। साथै सो भेलाबाट विद्यालयका पूर्व प्रधानाध्यापक रामइश्वर गोसाईलाई विदाइ पनि गरिएको थियो। भेलामा अभिभावकहरूले विद्यालयका बारेमा आ-आफनो गुनासो र धारणा राखेका थिए । उनीहरुले विद्यालयको पठनपाठन गुणस्तरीय बनाउन सुझाव दिएका थिए ।

प्रधानाध्यापक कुशवाहाले विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हालेसँगै विद्यालयमा विद्यार्थीको चाप बढेको र विद्यालयको अवस्था सुधार भएको भन्दै अभिभावकहरूले प्रशंसा गरेका थिए ।सो अवसरमा निवर्तमान अध्यक्ष कुमार सिवाकोटी, श्री जनता आधार भूतका प्रअ खुसी अख्तर देवान, शिक्षाप्रेमी जीवनाथ शिवाकोटी, सन्तोष रखाल, यूवा नेता विजय चौधरी लगायतका अभिभावक,शिक्षक शिक्षिका,विद्यार्थीहरू, बुद्धिजीवीको उपस्थिति रहेको थियो ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
**भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना**
डोल्पा, कर्णाली प्रदेश, नेपाल

**भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना अन्तर्गतको चुगाड-दुनै (१८ कि.मि.) सडक खण्ड स्तरोन्नति कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्जवनिक सूचना**

(प्रकाशन मितिः २०८१ भाद्र ११ गते)

कर्णाली प्रदेश, डोल्पा जिल्लामा अवस्थित त्रिपुरासुन्दरी नगरपालिका र ठुली भेरी नगरपालिकामा भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजनाद्वारा निम्न बमोजिमको प्रस्तावहरु कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना<br>ठेगाना : डोल्पा, कर्णाली प्रदेश, नेपाल<br>फोन नं. : ९८५८०६५७१६<br>ई-मेल : bcrp@dor.gov.np<br>वेबसाइट : https://dor.gov.np/bcrp |
| प्रस्तावको व्यहोरा | डोल्पा जिल्लाको चुगाड-दुनै (१८ कि.मि.) सडक खण्डमा पक्कि सडकको स्तरोन्नति गर्ने;<br>प्रस्तावित क्षेत्राधिकार (Right of Way) = ३० मि.<br>प्रस्तावित फर्मेसन चौडाइ (without Drain) = ७.५ मि.<br>प्रस्तावित सडकको लेन संख्या = २ लेनको<br>आयोजना सम्पन्न अवधि आर्थिक वर्ष २०८५/८६ सम्म |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | कर्णाली प्रदेश, डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका (वडा नं. १, ३) र ठुली भेरी नगरपालिका (वडा नं. ३ र ९) |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न नगरपालिका क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएको ले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगानाः**

| प्रस्तावक | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| भेरी करिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) सडक योजना<br>खलङ्गा, जाजरकोट<br>फोन नं. : ९८५८०६५७१६<br>ई-मेल : bcrp@dor.gov.np<br>वेबसाइट :httpsM//dor.gov.np/bcrp | विकास निर्माण कन्सल्टेन्सी प्रा.लि.<br>काठमाडौं-०६, बौद्ध, नेपाल<br>फोन नं. : ९८५११२४३९१<br>ई-मेलः bikashconsult16@gmail.com |



## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित मेनपावरको लागि केही कर्मचारीहरु आवश्यक भएको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

- म्यानेजर - १ (पुरुष/महिला)
- डकुमेन्टेसन कन्ट्रोलर - १ (पुरुष/महिला)
- अफिस सेक्रेटरी - १ (महिला)
- पब्लिक रिलेसन अफिसर - ४ (पुरुष/महिला)
- रिसेप्सनिष्ट - १ (महिला)

तलब आपसी सम्झदारीमा

★ कम्तीमा २ वर्षको मेनपावर फिल्डको अनुभव भएको हुनुपर्दछ ।
★ सम्बन्धित काममा दक्ष व्यक्तिलाई विशेष प्राथमिकता दिईनेछ ।

Email:baibhav.ovs@ gmail.com
सम्पर्क नं: 9803468382 Whats App: 9841291489



## यूएईमा रोजगारको अवसर
कम्पनी: POWER RECRUITMENT LLC
शहर: UAE

पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१८० LT. No.:308359

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

C.D. HR
Gov. Lic. No. 1048/073/74
**C.D. Human Resources Pvt. Ltd.**
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile : +977 9868155462 / 9808003459 / 9707631231 / 9804907356



## शुन्य लागतमा कामदारलाई Jordan मा रोजगारी

कम्पनी : UNITED FOR WORKS OF BROKERAGE IN HIRING AND RECRUITING NON-JORDANIAN DOMESTICE WORKER शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०८१/०१/२० चलानी नं.: ६०२१८८८६ LT. No.: 304058 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic worker/housemaid | 0 | 49 | सम्बन्धित काममा दक्ष | 300 | ५६,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ७५,७९६ | | | | | | | |

कम्पनी : AL ALAMIA EMPLOYMENT & RECRUITN CO FOR BRINGING & USING NON JORDANIANWORKERS शहर: JORDAN
पूर्व स्वीकृत मिति: २०८१/०१/२० चलानी नं.: ६०२१८८८५ LT. No.: 304025 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 24 | सम्बन्धित काममा दक्ष | 350 | ६६,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary (Female) | 0 | 1 | | 400 | ७५,७९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**युरो क्रस ईन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. ९९५/०६८/०६९ एयरपोर्ट, काठमाडौं, नेपाल, फोन नं: ४५८५८८३



## साउदीमा रोजगार
कम्पनी : Mobarak M. Al Salomi & Partners for Contracting Co शहर : Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१८९ LT. No.: 309506

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Raboua Al-Saman Contracting Est शहर : Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१९० LT. No.: 309505

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver. | 9 | 0 | | 2500 | ८९,२५० | | | | | | | |
| 3. | Heavy Truck Driver | 20 | 0 | | 1800 | ६४,२६० | | | | | | | |
| 4. | Workshop Worker | 8 | 0 | | 1200 | ४२,८४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time
Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.



## साउदीमा रोजगार
कम्पनी : OMAR SAAD AL BALAWI MAINTENANCE AND CLEANING ESTABLISHMENT शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१५९ LT. No.: 309585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ३० गते (15 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
भिमसिङ्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
श्रम इजाजत नं.: ३९१/०५९/०६०
E-mail:mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com



## साउदीमा रोजगार
कम्पनी : MUSTAFA ALI ATHIFA CONTRACTING COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मिति : २०८१/०५/११ चलानी नं: ६०२२४२०४ L.T. No.: 309555

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL RAWASI AL ASRIAH
License No: 1658/080/081
**AL RAWASI AL ASRIAH RECRUITMENT PVT.LTD.**
Samakhusi, Kathmandu, Nepal. Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com, Website: https://www.alrawasi.com.np/



## साउदीमा रोजगार
कम्पनी: AL KAL TO PROVIDE DRINKS EST. शहर:Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४१५१ L.T. No.: 309541

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबु, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३६२७०८, ४३५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 984319890, 9803140917



## बहराइनमा रोजगारको अवसर
कम्पनी: CITY POINT HOTEL W.L.L शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२२४२०२ LT. No.: 309564

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ५३,३२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 3 | | 150 | ५३,३२१ | | | | | | | |
| 3. | House Keeping Attendant | 7 | 0 | | 150 | ५३,३२१ | | | | | | | |
| 4. | Light Driver | 1 | 0 | | 150 | ५३,३२१ | | | | | | | |
| 5. | Massage Therapist | 0 | 3 | | 150 | ५३,३२१ | | | | | | | |
| 6. | Receptionist | 0 | 1 | | 150 | ५३,३२१ | | | | | | | |
| 7. | Security Guard | 2 | 0 | | 150 | ५३,३२१ | | | | | | | |
| 8. | Waitress | 0 | 6 | | 150 | ५३,३२१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

TAKURA overseas
Govt. Lic. No. : 1538/078/079
**Takura Overseas Pvt. Ltd.**
Uttardhoka, Lazimpat-02, Kathmandu, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com



## कतारमा रोजगारको अवसर
कम्पनी: QL'H BRZAN LLMQAWLAT WWALTNZYFAT शहर: Qatar, Doha
पूर्व स्वीकृत मितिः २०८१/०५/११ चलानी नं.: ६०२०९६६५ LT. No.: 309516

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steward | 0 | 79 | | 1200 | ४४,०७६ | | | | | | | |

**अन्तर्वार्ता नमस्ते थकाली भान्साघर, पृथीवी चोक, पोखरा, कास्कीमा २०८१ भदौ २१ गते (6 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता आनन्द होटल, पिङ्गलास्टान, काठमाडौंमा २०८१ भदौ २२ गते (7 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सिपी होटल, विर्तामोड, झापामा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सुनसरी ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1423/074/075
**Confident International Manpower Pvt. Ltd.**
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com
Pokhara : 9856067908 | 9805867908, Jhapa : 9702635035 | 9705635035 | 9851069331, Itahari : 9804035776 | 9851051319 | 9819048291, KTM: 9801969508 | 9848070440 | 9816031070 | 9851006270



## कतारमा रोजगारको अवसर
कम्पनी: PROFESSIONAL ONE HOSPITALITY शहर : Doha
पूर्व स्वीकृत मिति:२०८०/०३/२० चलानी नं.: ६०२०४२५० LT. No.: 288906 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 0 | 1 | | 2500 | ९१,८२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २५ गते (10 September 2024) मा हुनेछ ।**

कम्पनी: Al KATEM RESTAURANT AND KITCHEN शहर : Doha
पूर्व स्वीकृत मितिः २०८१/०१/३० चलानी नं.: ६०२१९४४३ LT. No.: 304593 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Man | 2 | 0 | स. काममा दक्ष | 1400 | ५१,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GOLDEN ARROW CLEANING AND CONTRACTING शहर : Doha
पूर्व स्वीकृत मितिः २०८१/०३/१० चलानी नं.:६०२२१५३२ LT. No.:306752 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 1 | स. काममा दक्ष | 1000 | ३६,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १९ गते (4 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1561/079/080
**S.S.K. Manpower Services Pvt. Ltd.**
साबिक: GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9, Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ भदौ २०८१, बुधबार
28 August 2024, Wednesday

## सम्पादकीय

# प्रधानमन्त्रीले लिनुपर्ने दायित्व

व्यावसायीहरूलाई विशेष सहुलित प्याकेज अन्तर्गत दिइएको डेडिकेटेड र ट्रंकलाइन विद्युत महशुलको विषय राष्ट्रिय राजनीतिकै मुख्य एजेण्डा बनेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मंगलबार प्रतिनिधि सभामा यो विषय चर्कोगरी उठाएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली उपस्थित रहेको प्रतिनिधि सभा बैठकमा प्रचण्डले यो विषय लगातार उठाउने चेतावनी दिएका छन् । यसअघि गत ७ भदौमा प्रधानमन्त्री ओलीले पनि सांसदसँग प्रश्नोत्तर कार्यक्रम चलिरहँदा यो विषय उठाएका थिए । व्यावसायीहरूबाट महशुल उठाउने, तर उद्योग बन्द हुने बातावरणको पनि रक्षा गर्ने प्रधानमन्त्री ओलीको भनाइ थियो । तर विपक्षीले व्यापारीबाट पैसा नउठाउने नीतिमा सरकार रहेको आरोप लाग्नु गलत भएको प्रधानमन्त्रीको प्रष्टोक्ति थियो ।

सोमबार सामाजिक सञ्जाल मार्फत् प्रधानमन्त्री ओलीले फेरि विद्युतको बक्यौता २२ अर्व उठ्न बाँकी रहेको र त्यो रकम उठाइने मात्र उल्लेख गरेका थिएनन्, विगतमा नउठेको महुसलबारे प्रश्न गरेका थिए । प्रधानमन्त्री ओलीको भनाइ थियो, डेडिकेडेट र ट्रंक लाइनको महसुल उठाउन ६ अर्ब उठ्न बाँकी रहेको भनेर अरू रकमबारे किन भाग्न खोजियो । यसको जवाफमा प्रचण्डले वर्तमान सरकारप्रति गम्भीर आरोप लगाए । अब फेरि सत्ताको खेलमा नलाग्ने भन्दै प्रचण्डले ओली नेतृत्वको कांग्रेस–एमाले सरकारलाई ब्यापारीको स्वार्थमा बनेको आरोप लगाए । बिचौलियाको सरकार होइन भन्ने पुष्टि गर्ने हो भने आउने मन्त्रिपरिषद् बैठकबाटै विद्युत महसुल उठाउने निर्णय लिन चुनौती समेत दिएका छन् ।

प्रतिपक्षी भूमिकामा धकेलिएसँगै माओवादीका नेताहरूले वर्तमान सरकारलाई बिचौलियाको सरकार भनिरहेका छन् । विपक्षमा हुँदा सरकारको आरोप र आलोचना गर्नु अस्वभाविक होइन । तर प्रधानमन्त्री ओली र प्रमुख विपक्षी दलका नेता प्रचण्ड आफै यो गम्भीर आरोप–प्रत्यारोपमा उत्रिएका छन् । प्रचण्डले संसद् बैठकबाटै यो विषयलाई त्यसै नछोड्ने चेतावनी दिएका छन् भने प्रधानमन्त्री ओली त्यसविरूद्ध भिडिरहेका छन् । प्रधानमन्त्री ओलीले विद्युत प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङलाई हटाउने संकेत गर्दा प्रचण्ड प्रतिपक्षमा उभिएका छन् । यो विषयले सिंगो देशका ध्यान खिच्ने र राष्ट्रका अरू समस्याहरू ओझेलमा पर्ने देखिएको छ । जबकी विद्युत महशुस उठाउने विषय छलफलको विषय समेत नहुनु पर्ने हो । तर ब्यावसायीले उपयोग गरेको विद्युतको महसुल राजनीतिक विवादको कारण बनेको छ । यसको उचित समाधान खोज्ने दायित्व प्रधानमन्त्रीको हो । त्यसतर्फ लाग्नु जरूरी छ ।

# बहसमा स्वास्थ्य सेवा व्यवस्थापन शिक्षा

*स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउन, स्वास्थ्य र व्यवस्थापन दुवै बुझेको जनशक्ति चाहिन्छ । स्वास्थ्य मात्रै बुझेकोलाई व्यवस्थापकीय पाटोमा गाह्रो हुन्छ भने व्यवस्थापन मात्रै बुझेकोलाई पनि स्वास्थ्य पाटो नबुझ्दा जटिल हुन्छ ।*

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

स्वास्थ्य सेवा व्यवस्थापन भनेको स्वास्थ्यसँग सम्बन्धित संघ संस्थाको कुशलतापूर्वक स्रोत र साधनको उच्चतम परिचालन गर्दै सार्वजनिक स्वास्थ्य प्रणालीको सुधारमा नेतृत्व, व्यवस्थापन र प्रशासनिक क्रियाकलापको समन्वयद्वारा सर्वसाधारणलाई सुलभ, सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु हो । स्वास्थ्य सम्बन्धी नीति निर्माण, स्रोत र साधनको उच्चतम परिचालन र स्वास्थ्यकर्मी वा स्वास्थ्य क्षेत्रमा कार्यरत मानवसंशाधनमा उत्प्रेरणा जगाउने कलालाई नै स्वास्थ्य सेवा व्यवस्थापन भन्ने गरिन्छ । स्वास्थ्य सेवा व्यवस्थापनमा चिकित्सकीय कार्य मात्र गरिँदैन । यसमा एक जना स्वास्थ्यसँग सम्बन्धित प्राविधिक जनशक्ति जो नर्स, डक्टरलगायत पर्दछन्, उनीहरूलाई स्वास्थ्य र उपचार पद्धतिलगायत अन्य व्यवस्थापकीय कार्यहरूको पनि ज्ञान हुनु जरुरी हुन्छ । उनीहरू भविष्यमा अस्पताल वा चिकित्सासँग सम्बन्धित क्षेत्र सरकारी वा गैरसरकारी क्षेत्र वा जनस्वास्थ्यको क्षेत्रमा उच्च तह र पदमा पुगी समग्र संगठनको नेतृत्वदायी भूमिकामा रहनु पर्ने हुन्छ । यस्तो अवस्थामा प्राविधिक ज्ञान भएता पनि व्यवस्थापकीय ज्ञान नहुन सक्दछ जसको पूर्तिको लागी स्वास्थ्य र व्यवस्थापकीय ज्ञानसँगसँगै प्रदान गरिन्छ ।




परेटोको भनाइअनुसार २० रुपियाँ खर्च गरेर ८० रुपियाँ कमाउने तर, जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेर यसको लागी न्यूनतम लागतमा स्रोत र साधनको उच्चतम परिचालन योजना, संगठन, नियन्त्रण, सञ्चार, समन्वय, कर्मचारी व्यवस्थापन, उत्प्रेरणा, नेतृत्वलगायतका व्यवस्थपकीय कार्यहरूको समन्वयद्वारा गरिन्छ । तसर्थ, यो शिक्षाको उद्देश्य पनि स्वास्थ्यलगायत व्यवस्थापकीय कार्यहरू सम्बन्धमा पनि ज्ञान दिनु नै भएको हुँदा यसलाई स्वास्थ्य सेवा व्यवस्थापन भन्ने गरिएको हो ।

स्वास्थ्य सेवासँग सम्बन्धित व्यक्ति वा यससँग रुचि राख्ने व्यक्तिलाई यही व्यवस्थापकीय कार्य सिकाउनु र बुझाउनको लागी स्वास्थ्य सेवा व्यवस्थापन शिक्षाको नेपालमा सुरुवात भएको हो । विश्वमा यसको सुरुवात १७ औं शताब्दीको मध्य तिरबाट भएको पाइएता पनि विशेष गरी अमेरिका हुँदै अन्य युरोपियन मुलुकहरूबाट यो शिक्षा नेपालमा प्रवेश गरेको देखिन्छ । नेपालको सन्दर्भमा हेर्दा, यसको सुरुवात सर्वप्रथम सन् २००० मा पेसाले इन्जिनियर प्रो.डा. शितल कुमार कार्कीको अथक प्रयासबाट भएको थियो । यो शिक्षाको सुरुवात सर्वप्रथम नेशनल ओपन कलेज सानेपा, ललितपुरले गरेको हो, जसको नेतृत्व प्राचार्यको रूपमा स्वयम् कार्कीले गरेका थिए ।

पोखरा विश्व विद्यालयको सम्बन्धनमा स्वास्थ्य सेवा व्यवस्थापनको शिक्षा सुरु गर्ने यो कलेज दक्षिण एसिया मै पहिलो कलेज हो । जसले सन् २००१ बाट यो शिक्षामा स्नातक र सन् २००२ बाट स्नातकोत्तरको शिक्षा र १ वर्षे पोष्टग्राजुयट शिक्षा दिइरहेको छ । यो कलेजबाट स्नातकोत्तर उत्तीर्ण हजारौं विद्यार्थी आज स्वदेश तथा विदेशमा स्वास्थ्य क्षेत्र, अस्पताल, सरकारी वा गैरसरकारी क्षेत्रमा उल्लेखनीय योगदान गर्न अव्वल देखिएका छन् । हाल यो विषयमा नेपालमा अन्य कलेजहरूले स्नातकका कक्षाहरू सुरुवात गरिसकेको अवस्था छ । यो शिक्षा लिएका व्यक्ति हालसम्म रोजगारीबाट प्रायः वञ्चित हुन परेको छैन ।

त्यसो त नेपालमा रोजगारीको एकातर्फ अभाव छ भने अर्कोतर्फ दक्षता र योग्यताअनुसारको तलब सुविधाको अभावमा रोजगारीको नयाँ अवसर खोज्दै विदेश जानेहरूको पनि दिनहुँ लर्को लाग्ने गरेको अवस्था छ । चिकित्सकसमेत नेपालमा बेरोजगार छन् भनेको सुन्दा जो कोहीलाई आश्चर्य लाग्न सक्छ । तथापि, तुलनात्मक रूपमा यो स्वास्थ्य सेवा व्यवस्थापनमा स्नातक वा स्नातकोत्तर गरेका व्यक्तिहरू निजी क्षेत्रका अस्पतालमा प्रमुख कार्यकारी अधिकृत, अस्पताल प्रबन्धकलगायतका तहमा कार्यरत रहेको अवस्था छ भने सरकारी अस्पतालले पनि यो विषय अध्ययन गरेका व्यक्तिहरूलाई करारमा काममा लगाइरहेको देखिन्छ । नेपाल सरकार लोकसेवा आयोगले पनि यो विषयलाई उच्च प्राथमिकता दिनेतर्फ सोच बनाएको देखिन्छ । तसर्थ, पनि यो विषय अध्ययन गर्दा रोजगारीको अवसर तुलनात्मक रूपमा बढी हुने कुरामा कसैको विमति नरहला । यो शिक्षा आजको आवश्यकता हो भन्ने महसुस गरी स्वास्थ्य मन्त्रालयलगायत सम्बन्धित निकायले पनि यस विषयको प्रवर्द्धन र रोजगारीको अवसर सिर्जना गर्ने कार्यमा अझ सक्रियतापूर्वक लाग्नु पर्ने देखिन्छ । यस विषयको प्रवर्द्धन र चेतना एवम् स्वास्थ्यकर्मीको हकहितको लागि नेपाल स्वास्थ्य सेवा व्यवस्थापन संघ समेत गठन भई कार्य गरिरहेको अवस्था छ ।

> *नेपालमा रोजगारीको एकातर्फ अभाव छ भने अर्कोतर्फ दक्षता र योग्यताअनुसारको तलब सुविधाको अभावमा विदेश जानेहरूको पनि लर्को ठुलो छ । चिकित्सकसमेत नेपालमा बेरोजगार छन् भनेको सुन्दा जो कोहीलाई आश्चर्य लाग्न सक्छ । तथापि, तुलनात्मकरूपमा स्वास्थ्य सेवा व्यवस्थापन क्षेत्रका विद्यार्थी बेरोजगार छैनन् ।*

तीव्र गतिमा निजी क्षेत्रमा र सरकारी तवरमा खुलेका अस्पताल एवम् स्वास्थ्य संस्थाको लागि चाहिने दक्ष र अनुभवी जनशक्तिको पूर्ति गर्न, समुदायमा आधारित स्वास्थ्य सेवाको विकास गर्न, विभिन्न भूमिकामा रहन सक्ने दक्षता जस्तैः स्वास्थ्य सेवा प्रबन्धक, मेडिकल निर्देशक, स्वास्थ्य प्रशासक, क्लिनिकल निर्देशन, नर्सिङ होमको लागि सहयोगी एवम् स्वास्थ्य समन्वयकर्तालगायत विभिन्न पद, तह र भूमिकामा कार्य गर्ने अवसर मिल्ने साथै, विश्वव्यापी मान्यता प्राप्त डिग्रीसमेत भएको हुँदा स्वास्थ्य सेवा व्यवस्थापन शिक्षा र यसको महत्व पछिल्लो समय नेपालमा बढिरहेको छ । एउटा चिकित्सक वा नर्स एवम् जनस्वास्थ्य अधिकृत वा सहायकले बिरामीको उपचार मात्र नगरी कर्मचारीलाई उत्प्रेरणा, सञ्चार, नेतृत्व, समन्वय, स्रोत र साधनको जोहो र यसको कार्यान्वयन, बजेट र लेखा सम्बन्धी जानकारी, औषधीको व्यवस्थापन, कर्मचारी भर्ना र तालिमलगायत अस्पतालको समग्र व्यवस्थापन गर्नुपर्ने हुनाले पनि यो शिक्षाको महत्व बढेको हो ।

जवान युवा युवति जो नर्स डाक्टर र अन्य चिकित्सा र मेडिसिन सम्बन्धित प्राविधिकहरू मात्र नभै यो शिक्षामा ६० वर्ष उमेर व्यतीत गरेका मेडिकल डक्टरसमेत अध्ययन गर्न उत्सुक भई डिग्री लिनुले यसको महत्व थप बढाएको देखिन्छ । यो शिक्षा लिनुको मुख्य कारण अस्पतालको प्रमुख कार्यकारीको रूपमा काम गर्दा कसरी स्रोत साधनको उच्चतम व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा एकातर्फ यस व्यवस्थापकीय ज्ञान प्राप्त भई सजिलै अस्पताल वा स्वास्थ्य संस्था सञ्चालन गर्ने सकिने र अर्कोतर्फ आफूले लिएको शिक्षाको डिग्रीले कानुनी मान्यतासमेत प्राप्त गर्ने हुँदा यसतर्फ थप आकर्षण बढेको छ । नेपालमा यो शिक्षामा स्नातक वा स्नातकोत्तर गरेका विद्यार्थीहरूले अमेरिका, अस्ट्रेलिया, क्यानडा, जापान, भारतलगायतका विभिन्न देशहरूमा गई स्वास्थ्य संस्था, उक्त देशको सरकारी वा गैर सरकारी सघ संस्थामा कार्य गरिरहेको हुँदा स्वदेश एवम् विदेशमा समेत सहजै रोजगारी प्राप्त गरिरहेको अवस्था छ ।

यो शिक्षालाई अझ भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित कलेजहरू र पोखरा विश्व विद्यालय विशेषरूपमा लाग्नुपर्ने देखिन्छ । समय सापेक्ष पाठ्यक्रमको विकास, प्राक्टिकल कार्यको भरपर्दो व्यवस्था र देशभरि यो शिक्षा र यसबाट मुलुकले लिन सक्ने फाइदाको बारेमा सेमिनार गोष्ठी गरी व्यापक प्रचार प्रसार गर्न ढिला भैसकेको छ । यो शिक्षा लिएपछि अधिकांश व्यक्ति स्वास्थ्य क्षेत्रमा कार्य गरेको र अस्पतालहरूमा अस्पताल प्रबन्धकको पदमा कार्य गरिरहेको देखिन्छ । विशेष गरी अस्पताल वा स्वास्थ्यसँग सम्बन्धित निकायमा नैतिकतादेखि लिएर अन्य नीति नियम र कानुनको निर्माण, स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय बनाउँदै बिरामीको हेरचाहमा सुधार ल्याउने, अस्पतालमा थुप्रिएको फोहोर मैलाको उचित व्यवस्थापन गर्ने, संगठनको लक्ष्य निर्धारण गर्ने, योजना बनाउने, स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गर्ने, कार्य तालिका निर्माण गर्ने, तालिमको व्यवस्थापन गर्ने, स्वास्थ्य सेवा प्रवाहमा समन्वय गर्ने, कार्यालय बैठक, कर्मचारी भर्ना, अनुगमनलगायतका व्यवस्थापकीय एवम् चिकित्सकीय कार्य दक्षतापूर्वक गर्न मद्दत पुग्दछ । तसर्थ, पनि यो शिक्षाको गरिमा र महत्व बढेको हो भन्नुमा कसैको विमति नरहला ।

*(डा. वशिष्ठ, नेशलन ओपन कलेज सानेपाका पूर्व प्राचार्य हुन् ।)*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

भ्रष्टाचार, कुशासन, बेरोजगारी, न्यून आय स्तर र आर्थिक संकटबाट सर्वसाधारणको जीवन नर्कजस्तै अभिशप्त बनाएका र सत्ताको खेल बाहेक केही पनि नबुझ्ने शासकहरूले युवा आक्रोशलाई अमर्यादा र अराजकताको संज्ञा दिनु साटो आफ्नै अनुहार हेर्नू र धुनु राम्रो । विद्रोहको भाषा कहिल्यै शिष्ट हुँदैन ।



**- हरि रोका**

आम जनतामा असन्तुष्टि चुलिने क्रममा छ प्रधानमन्त्रीजी ! तपाईंले नयाँ पुस्तामा देख्नुभएको सभ्यता, शिष्टता र मर्यादाको न्यूनता गम्भीर चिन्ताको विषय हो । तर, पुराना पुस्ताको सिद्धान्तहीन, नीतिहीन, आफन्तवाद, अविकास र भ्रष्ट्राचार नै आज नयाँ पुस्तामा देखिएको असभ्यताको मूल स्रोत त होइन ? सोच्ने हो कि ?



**- मनिषलाल चुके**

राज्य/दल पूरा कब्जामा राखेका दलका नेताहरू आफूलाई कानुनभन्दा माथि सम्झन्छन् । अनैतिक कुकर्मको नालीबेली यत्ति लामो हुँदा पनि कानुनले छुन सक्दैन । कार्यकर्ता विद्रोह गर्न पनि सक्दैनन् । किन ? शक्ति पृथकीकरणको सिद्धान्त असफल गराए नेताहरूले । अब चेक एन्ड ब्यालेन्स गर्न अर्को शक्ति चाहिन्छ ।



**- बिमल पोखरेल**

राजा वीरेन्द्र र ज्ञानेन्द्रका विरुद्ध कैयौं नाराबाजी गरियो । तिनीहरूले जनतालाई कहिल्यै नैतिक हीन भनेनन् । केपी ओली र शेरबहादुर देउवाका विरुद्धमा नारा जुलुस गर्दा बित्तिकै तिनीहरू जनतामाथि प्रश्न उठाए । सहनशीलता र संस्कारको हिसाबले यिनीहरू भन्दा राजाहरू कैयौं गुणा माथि रहेछन् ।

# समावेशी बन्न नसकेको ‘समावेशी शिक्षा’

विचार



● समिद कतिला श्रेष्ठ

> *सौगातको स्कुल जाने इच्छा भएको, तर स्कुलले नलिएको भिडियो भाइरल भयो । धेरैले सहानुभूति देखाए र प्रोत्साहन दिए सामाजिक सञ्जालमा । तर व्यक्तिगत रूपमा दुई/चार जनाले भने पनि आज पनि कुनै विद्यालयले हामी सौगातलाई लिन्छौ भनेको देखिएन । वास्तविकता यही हो ।*

“मलाई स्कुल जान त मन छ तर, मलाई स्कुलले लिन मान्दैन” यो वाक्य एउटा छ वर्षको बालकको हो, जसको नाम सौगात हो । गत हप्ता सामाजिक सञ्जालमा एउटा भिडियो निकै भाइरल भयो, जसमा सौगातले भन्दै थिए, उनलाई स्कुल जान मन छ तर, उनी बस्न र हिँड्न नसक्ने भएकोले उनलाई स्कुलले लिन मान्दैन । सौगातको आमाले पनि यो कुराको पुष्टि गरेकी छिन् । “सौगातलाई धेरै विद्यालयहरू लगियो तर कुनै पनि विद्यालयले उसको शारीरिक अवस्था हेरेर लिन मानेन”, उनकी आमाले भनेकी छिन् ।

यो कुरा सौगातको मन र मस्तिष्क दुवैमा छ र उनी व्यक्त गर्न पनि सक्छन् । उनले यो कुरा अहिले हाँसेर भने तर, बिस्तारै जब उनले यो कुरा अझ गहन रूपमा बुझ्ने हुनेछन्, तब यसले उनलाई कस्तो असर गर्छ, त्यो त आउने समयले बताउला । सौगात सेरेब्रल पाल्सी अथवा मस्तिष्क पक्षघात भएको छ वर्षको बालक हो । यो भएको कारणले सौगातको शारीरिक अवस्था अरू बच्चाहरूभन्दा फरक छ । नेपाल सरकारले पहिचान गरेको १० अपाङ्गतामध्ये यो शारीरिक अपाङ्गता पनि एक हो । सौगातसँग नेपाल सरकारले प्रधान गरेको अपाङ्गता परिचय पत्र पनि छ तर, यसको फाइदा र उपयोगको बारे उनको अभिभावकलाई पनि त्यति धेरै थाहा छैन, न त जनमानसमै ।

सेरेब्रल पाल्सी हुँदा शारीरिकसँगै अन्य समस्याहरू पनि हुन सक्छ । तर, धेरै अवस्थामा यसले शारीरिक अवस्थामा मात्र असर गर्छ, जसले बच्चाको बोली, बुझाई, भाषा र विकासका अरू पक्षलाई केही असर गर्दैन । शारीरिक अवस्था बाहेक सबै अरू बालबालिका जस्तै हुने भएकोले बालबालिकाहरू लाई समयमै विद्यालय पठाउनु पर्छ ।

विशेष विद्यालय हैन समावेशी नै हो, किनकि सौगात जस्ता बालबालिका शारीरिक अवस्थाले बस्न, हिँड्न नसक्ने होला तर, अरू कुरामा उनीहरू अरू बालबालिकाहरू जस्तै अब्बल नै हुन्छन् । यस्ता बालबालिकाहरूलाई लेख्न गाह्रो होला वा नसक्लान् वा ढिलो लेख्लान्, तर उनीहरूले त्यो कुरा भन्न सक्छन् वा किबोर्डमा लेख्न सक्लान् वा अरू कुनै माध्य बाट गर्लान् । खासमा समावेशी भनेको पनि यही हो । उनीहरू आफै उभिन, हिँड्न नसक्लान् तर, उनीहरू कुनै सहायक सामाग्रीको प्रयोगले साथीहरूसँग खेल्न वा रमाइलो गर्न सक्छन् ।

कुनै पनि बालबालिकाको विकासको पक्ष शारीरिक, भाषा, बोली, बुझाइ, मानसिक अवस्था, सामाजिकीकरण, भावनात्मक, संवेगात्मक र बौद्धिक एउटामा असर हुन सक्छ वा एकभन्दा बढीमा । त्योअनुसार उसलाई हरेक कुरा सिक्न कुनै मद्दत र सहयोग आवश्यकता हुन सक्छ, त्यो मिलाउनु नै समावेशी हो ।

पक्कै पनि अर्को बच्चा जस्तो सौगात जस्ता बालबालिकालाई सिक्न थप केही सहयोग आवश्यक हुन्छ, त्यसैले त उनीहरूले अपाङ्गता परिचय पत्र पाएका छन् । तर, त्यसले उनीहरूको पठन पाठनको अवसर, हक र अधिकारको पनि सुनिश्चितता खोजेको छ । यदि कुनै विद्यालयले उनीहरूलाई नलिए, उनीहरूले कानुनी रूपमा त्यस्तो विद्यालयमाथि अदालतमा उजुरी दिन पनि सक्छन् । नेपाल सरकारको नियमअनुसार सबै विद्यालय समावेशी हुनै पर्छ भन्ने नियम छ । तर यसको कार्यान्वयन भएको सीमित ठाउँमा बाहेक अधिकांशमा पाइँदैन ।

सौगातको स्कुल जाने इच्छा भएको तर, स्कुलले नलिएको भिडियो भाइरल भयो । धेरैले सहानुभूति देखाए र प्रोत्साहन दिए सामाजिक सञ्जालमा । तर, व्यक्तिगत रूपमा दुई/चार जनाले भने पनि आज पनि कुनै विद्यालयले हामी सौगातलाई लिन्छौ भनेको देखिएन । वास्तविकता यही हो । हामीले समावेशी शिक्षा बुझ्न सकेका छैनौं । सबैले सजिलो र राम्रो बच्चाहरू मात्र लिन खोज्छन् । अलि फरक र मेहनत गर्नुपर्ने बच्चाहरूको पढ्ने र आफ्ना साथीहरूसँग खेल्ने, हुर्किने अधिकार सुनिश्चित गर्ने हामी सबैको कर्तव्य र दायित्व हैन र ?

शिक्षामा समावेशीको धारणा सबैले बुझ्नै पर्छ । साथै, सहयोग पाए हरेक बच्चा अब्बल हुन सक्छन् । तर, उनीहरूलाई अवसर चाहिन्छ । त्यो तपाईं हामीले नै उपलब्ध गराउने हो । समय गतिशील छ । सही समयमा, सही मौका दिन सके, नेपालमा सौगात जस्ता थुप्रै बालबालिकाहरूको भविष्य उज्ज्वल हुन सक्छ ।

*(बाल विशेषज्ञ थेरापिस्ट श्रेष्ठ, समावेशी तथा विशेष शिक्षा अभियन्ता हुन् ।)*

## तपाईंको राशिफल

मेष : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । सम्मानमा वृद्धि हुने योग छ ।

वृष : विद्यार्थीहरूका लागि राम्रो समय छ । खर्चमाथि नियन्त्रण राख्नुहोला ।

मिथुन : राजनैतिक कार्य सफल हुनेछ । उत्साहमा वृद्धि हुनेछ ।

कर्कट : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सन्तुलित आहार लिनुपर्छ ।

सिंह : आध्यात्मिक कार्यहरूमा रुचि बढ्नेछ । माङ्गलिक कार्य हुने योग छ ।

कन्या : रोजगारमा वृद्धि हुन्छ । जोखिम भएको कार्यमा नोक्सानीको योग छ ।

तुला : विनम्रतासित कार्य गर्नु राम्रो हुनेछ । शुभ कार्यमा बढी खर्च हुने देखिन्छ ।

वृश्चिक : शत्रु कमजोर रहनेछ । सबै कार्यमा लाभको योग छ ।

धनु : प्रसन्नतामा वृद्धि हुनेछ । यात्राको लागि समय उत्तम छ ।

मकर : राजनैतिक सहयोग प्राप्त हुनेछ । शुभ सन्देश प्राप्त हुने योग छ ।

कुम्भ : वाणी संयम जरुरी छ । पारिवारिक उल्झन अशान्ति पैदा गर्नेछ ।

मीन : जोखिम कार्य गर्न मिल्दैन । शत्रु परास्त हुनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# 'गाजाको अवस्था दयनीय'



**काठमाडौं/एजेन्सी–** प्यालेस्टीनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत र कार्य एजेन्सी 'युएनआरडब्लुए'का अधिकारीहरूले गाजाको अवस्था विनाशकारी भएको जनाएका छन् । यसै क्रममा उनीहरुले र विगत दुई हप्तामा गाजामा जारी थप निकासी आदेशको बिचमा मानिसहरूलाई सीमित गरिएको ठाउँ धेरै सानो र साँगुरो भएको पनि दोहोऱ्याएका छन् ।

न्युयोर्कस्थित राष्ट्रसंघको मुख्यालयमा गाजाका युएनआरडब्लुएका प्रवक्ता लुइस वाटर्रिज र युएनआरडब्लुएका प्रथम उपक्षेत्र निर्देशक विसम रोजले भिडियो मार्फत पत्रकारलाई यस्तो जानकारी दिएका हुन् ।

यसै क्रममा वाटर्रिजले हरेक दिन लाखौं मानिसहरू सुरक्षित आश्रयको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा सर्न बाध्य भइरहेको बताए । उनका अनुसार निकासी आदेश पछि गाजामा मानिसहरुले आफ्नो सामान सार्दै छन्, अधिकांश मानिसहरूलाई जबरजस्ती सारिएको छ भने विस्थापितका लागि सवारी साधनको सीमित पहुँच छ र उनीहरुलाई कहाँ जाने भन्ने पनि थाहा छैन । उनले खान युनूस र अल-मवासीमा इजरायलले घोषणा गरेको मानवीय क्षेत्रमा, बलौटे जमिनमा भीडभाड रहेको बताउँदै सुरक्षित क्षेत्र भनिएको यस क्षेत्रमा पनि सुरक्षित नरहेकोले मानिसलाई ज्यान जोगाउन सुरक्षित ठाउँ नभएको बताएका छन् ।

युएनआरडब्लुएका प्रथम उपक्षेत्र निर्देशकले हालैको निकासी आदेशले इजरायलको मानवीय क्षेत्रलाई सम्पूर्ण गाजा पट्टीको ११ प्रतिशतमा मात्र कायम गरेको बताए । जहाँ मानिसहरू भेला भइ बाँच्नका लागि प्रयास गर्ने बताउदै उनीहरु कयौं बाध्यताको बीच असम्भव विकल्पहरू सामना गर्ने गरेको उनले जानकारी दिए ।

उनले यस क्षेत्रमा पोलियो फैलिन सक्ने चेतावनी दिँदै कुपोषित बालबालिकामा विनाशकारी स्वास्थ्य क्षेत्र, दुषित पानी र सरसफाइको अवस्थाले उनीहरूको प्रतिरक्षा प्रणाली कमजोर भएको उल्लेख गरे ।

अधिकारीले पोलियो खोप अभियानलाई सफल बनाउनका लागि निर्देशन दिइरहेको र अर्को शनिबारदेखि अभियान शुरु हुने बताए ।

# जापानमा चक्रवातका कारण उडान र रेल सेवा अवरुद्ध



**काठमाडौं/एजेन्सी–** दक्षिण जापानतर्फ मंगलबार भारी वर्षासँगै आएको एउटा शक्तिशाली चक्रवात दक्षिणी जापानतर्फ अघि बढेसँगै देशको उडान र रेल सेवाहरु अवरुद्ध भएका छन्। 'टाइफुन सानसान' प्रति घण्टा २१६ किलोमिटरको गतिले दक्षिणी अमामी द्वीपसमूहतर्फ अघि बढिरहेको मौसम पूर्वानुमानकर्ताले बताएका छन् ।

भारी वर्षाका कारण हामामात्सु र टोयोहाशीको मध्यशहरमा बुलेट रेल सेवा अवरुद्ध गरिएको थियो । जापान एयरलाइन्सले मंगलबार र बुधबार ११६ वटा आन्तरिक उडान र ६ वटा अन्तर्राष्ट्रिय उडानहरू रद्द गर्ने बताएको छ ।

मध्य सिजुओका क्षेत्रमा भारी वर्षा र सम्भावित भूस्खलन र दक्षिणी अमामी क्षेत्रमा आँधीको चेतावनी दिँदै जापान मौसम विज्ञान विभागले त्यहाँका बासिन्दालाई सम्भावित खतरनाक ठाउँमा नबस्न आग्रह गरेको छ ।

'टाइफुन सानसान' यस हप्ताको अन्त्यमा मुख्य दक्षिणी टापु क्युशुतर्फ लाग्ने अपेक्षा गरिएको छ।

जापानमा आएको आँधीले यस महिना सयौं उडान र रेल सेवा अवरुद्ध गरेको छ । भारी वर्षाको बाबजुद टाइफुन सानसानले टोकियो सहर पार गरी प्रशान्त तटतर्फ अघि बडेकाले सहरमा सामान्य क्षति पुगेको छ ।

तटीयरेखाको नजिकमा रहेका क्षेत्रमा बारम्बार आँधी आइरहेको र जलवायु परिवर्तनका कारण यसको प्रभाव तीव्र र लामो समयसम्म रहने गत महिना जारी एक अध्ययनले जनाएको छ ।

# जलवायु परिवर्तनविरुद्ध तत्काल आवश्यक कदम चाल्न आह्वान

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले तीन हजार वर्षमा नदेखेको विश्वव्यापी समुद्री सतहमा अभूतपूर्व वृद्धिलाई उल्लेख गर्दै जलवायु परिवर्तनविरुद्ध तत्काल आवश्यक कदम चाल्न विश्व नेताहरूलाई आह्वान गरेका छन् ।

मुख्यतया जीवाश्म इन्धनको व्यापक प्रयोगले विश्वव्यापी तापक्रम साथसाथै समुद्री सतहको वृद्धि निम्त्याइरहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । गुटेरेसले विश्व मौसम विज्ञान संगठनको अध्ययन र संयुक्त राष्ट्र जलवायु कार्य टोलीको प्रतिवेदन दुबैले बारम्बार गम्भीर समुद्री तातो छालहरू, अधिकतम समुद्री तापमान र बढ्दो तटीय बाढीका साथ समुद्री परिवर्तनहरू तीव्र हुँदै गएको संकेत गरेको बताए ।

'प्रशान्त टापुका राष्ट्रहरू गम्भीर खतरामा छन्। दक्षिणपश्चिमी प्रशान्त महासागरमा सापेक्षिक समुद्री सतह विश्वव्यापी औसतभन्दा पनि बढी बढेको छ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**

**कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/१२/२९ मा दर्ता भएको प्रा. लि. नं. २१३०३१ को **आशुतोष स्टेसनरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ओमनमा रोजगार** कम्पनी: BAIT ALSAROOJ ALWATANI शहर: Oman,NIZWA

पूर्व स्वीकृत मिति: २०८१/०५/११ चलानी नं.: ६०२२४१७९ L.T. No.: 309578

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chamber Man/MAID | 1 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ४३,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook General | 1 | 0 | | 150 | ५२,३५३ | | | | | | | |
| 3. | Waiter | 1 | 0 | | 150 | ५२,३५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ जेठ १९ गते (4 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० कामदारले |

